अनुसूची–२

(दफा ४ तथा अनुसूची–१ को भाग–१ सँग सम्बन्धित)

अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड–३ | संख्या–१ | मितिः २०७८/०१/०३ |

भाग–२

अग्नीसाईर कृष्णासवरन गाउँपालिका

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यबिधि, २०७७

आज्ञाले,

कमलदेव यादव

प्रमुख प्रशासकीय अधिकृत

# अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# गाउँ कार्यकापालिकाको कार्यालय

## सितापुर, सप्तरी

## मधेश प्रदेश, नेपाल

को

# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यबिधि, २०७७

(गाउँ कार्यपालिकाको बैठकबाट पारित)

# अग्नीसाइर कृष्णासवरन गाउँपालिका
# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

प्रस्तावाना :

नेपालको संविधानको धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७७ " रहेको छ ।

(ख) यो कार्यविधि अग्नीसाइर कृष्णावरन गाउँपालिका गाउँकार्यपलिकाबाट पारित भएपछि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

(क) "स्थानीय तह" भन्नाले अग्नीसाइर कृष्णासवरन गाउँपालिकालाई सम्झनु पर्ने छ ।

(ख) "शाखा" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नियम (३) बमोजिमको लैंगिक हिंसा निवारणका लागि स्थापित राहत तथा उद्धार कोष सम्झनु पर्छ ।

(घ) "पीडित" भन्नाले लैगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(ङ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(च) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा नीजि जीवनमा लिंगको आधारमा कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

(छ) "मन्त्रालय" भन्नाले संघीय सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) "कोष सञ्चालन समिति" भन्नाले कार्यविधि, २०७७ को नियम (७) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको स्थापना :-**

(१) लैंगिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,
(ख) गाउँपालिकाको आन्तरिक श्रोतबाट छुट्याइएको रकम,
(ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ,संस्था वा सरकारबाट प्राप्त रकम,
(घ) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,
(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।
(च) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम वाणिज्य बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :-**

महिला हकहितको क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :-**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-
(क) पीडितलाई तत्काल उद्धार गर्न,
(ख) पीडितलाई औषधी उपचार गर्न,
(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,
(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदानको रुपमा प्रदान गर्न,
(ङ)पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,
(च) पीडित र प्रभावितका लागि पुनःस्थापना गराउन,
(छ) पीडितको लागि समितिले तोकेबमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैगिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :-**

(१) कोषको रकम नियम (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. समितिको गठन :-**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानीय राहत तथा उद्धार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।
(क) गाउँपालिकाको उपाध्यक्ष
संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत:
सदस्य
(ग) गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकोको महिला सदस्य
सदस्य
(घ)स्वास्थ्य शाखा प्रमुख
सदस्य
(च) स्थानीय प्रहरी कार्यालय प्रमुख/ प्रतिनिधिः
सदस्य
(ज)लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ-संस्था
मध्येबाट संयोजकले एक जना प्रतिनिधि
सदस्य
(झ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुखः
सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ज) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।
(४) समितिको सचिवालयको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा रहनेछ ।

**८. समितिको काम,कर्तव्य र अधिकार :-**

स्थानीय राहत तथा उद्धार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)लैंगिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,
(ख) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने
(ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,
(घ) गाउँपालिका क्षेत्रभित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,
(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,
(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने ,
(छ) कोष वृद्धिको श्रोतको खोजी गर्ने,
(ज) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,
(झ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने
(ञ) जिल्लास्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरुबीच समन्वय गर्ने,
(ट) लैंगिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
(ठ) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने,

**९. समितिको बैठक र निर्णय :-**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,
(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,
(ग) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ,
(घ) समितिको कुल सदस्य संख्याको पचास (५०) प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

(ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ,

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(छ) समितिले आवश्यकता अनुसार गाउँपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

(ज) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राखिनेछ,

(झ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिको प्रशासनिक खर्च :-**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त ब्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

**११. कोषलाई रकम उपलब्ध गराउने :-**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाउँपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

**१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :-**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन ६००।-( अक्षरेपी रु.छ सय) र बास बस्नु पर्ने सो बापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन रु.४००।-(अक्षरेपी रु. चार सय) को दरले बढीमा दश हजार रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन रु.६००।- (अक्षरेपी रु.छ सय),अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन रु.४००।-(अक्षरेपी रु.चार सय) र उपचार खर्च समेत गरी बढीमा रु.२०,०००।-(अक्षरेपी रु.बीस हजार),

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि रु.१०,०००।-(अक्षरेपी रु.दश हजार) नबढ्ने गरी यथार्थ लागत खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा रु.३०,०००।-(अक्षरेपी रु.तीस हजार),

ङ) पुनर्स्थापनाको लागि बढीमा रु.५,०००।-(अक्षरेपी रु.पाँच हजार),

च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा रु.१५,०००।-(अक्षरेपी रु.पन्ध्र हजार),

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव देखिएमा त्यस्तो पीडितलाई रु.२,०००।-(अक्षरेपी रु. दुई हजार) नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**१३. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :-**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ८ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१४. तत्काल रकम उपलब्ध गराउन सक्ने :-**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु.५०,०००।-(अक्षरेपी रु.पचास हजार) नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१५. कोषको लेखा र लेखापरीक्षण :-**

कोषको लेखा र लेखापरीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१६. कोषको रकम फ्रिज नहुने :-**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७. प्रतिवेदन पेश गर्ने :-**

(१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन गाउँ कार्यपालिकाले सार्वजनिक गर्न सक्नेछ ।

**१८. बैठक भत्ता :-**

समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१९. कोषको सचिवालय :-**

कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**२०. अभिलेख राख्ने :-**

समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१. निर्देशन दिन सक्ने :-**

(१) नेपाल सरकार, प्रदेश सरकार तथा नगर कार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२२. बाधा अड्काउ फुकाउने :-**

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**२१. खारेजी र बचाउ :-**

यस कार्यविधि बमोजिम भए गरेको कामकारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन् ।

## अनुसूची

( दफा १२ सँग सम्बन्धित )

मिति : … … /… /…

श्री संयोजक ज्यू,
स्थानीय उद्धार तथा राहत समिति
अग्नीसाइर कृष्णासवरन गाउँपलिका,
सीतापुर , सप्तरी ।

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

म अग्नीसाइर कृष्णासवरन गाउँपालिका वडा नं. … टोल… … … मामा बस्ने वर्ष … को … …………… … मिति… … … मा लैंगिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिकस्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (… … … … …) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवम् परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनःस्थापना/अन्य… … … … … … कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदक

नाम :………………………

दस्तखत :………………………

ठेगाना :…………………………

सम्पर्क नम्बर :………………………